नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मंत्रालय
जिल्ला विकास समितिको कार्यालय
धनुषा

☎ ०४१-५२०१४२
५२१५६३
फ्याक्स:- ०४१-५२३३५४
Email:-
ddcdhanusha@gmail.com

प.सं. : ०७३/०७४
च.नं. : १९८९

मिति :२०७३/१०/११

श्री संघिय मामिला तथा स्थानीय विकास मंत्रालय
सिंहदरवार काठमाण्डौ ।

***विषय : MSNP को मासिक प्रगती प्रतिवेदन सम्बन्धमा ।***

उपरोक्त सम्बन्धमा यस जिल्लामा संचालित बहुक्षेत्रिय पोषण योजना कार्यक्रमको लागी मिति २०७३ साल श्रावण देखि पौष मसान्त सम्मको मासिक प्रगति प्रतिवेदन पठाईएको व्यहोरा अनुरोध छ । साथै मासिक प्रगति प्रतिवेदनको विष्तृत विवरण यसै पत्र साथ संलग्न गरिएको जानकारी गराउदछौ ।

..............................
(स्थानीय विकास अधिकारी)
स्थानीय विकास अधिकारी

# DDC बाट तयार हुने MSNP को मासिक प्रगति प्रतिवेदन

**रिपोर्ट गारेको निकाय** : जिल्ला विकास समितिको कार्यालय.धनुषा

**जिल्ला : धनुषा** **रिपोर्ट गरेको अवधी : २०७३ साल श्रावण देखि पौष मसान्त सम्म**

**१.पृष्ठभूमि**

- आ.व ०७२/०७३ मा १४ ओटा गा.वि.स (अन्दुपट्टि, बिसरभोरा, हठिपुर हरवारा, कनकपट्टि, लक्कड मानसिंह पट्टि, मुखियापट्टि मुशरनीया, पटेरबा, पौडेश्वर, पुष्वलपुर, रघुनाथपुर, ठाडिभिभ्का, तुल्सीयाहि निकास, यज्ञभुमि) हरु छानीएको थियो । छनौट प्रकृया जिल्ला परिषद बाट पारित भएका Safer Village को अवधारणामो प्रत्येक निर्वाचन क्षेत्रको विकासमा पिछडिएको गा.वि.स. हरुबाट एक.एक ओटा छनौट गरिएको हुदा सोहि आधारमा प्रत्येक निर्वाचन क्षेत्रबाट Cluster कायम गरि MSNP को लागी १४ ओटा गा.वि.स. हरु छनौट गरिएको । साथ साथै DAG Mapping र सरोकारवालाहरु संगको छलफल बाट पनि छनौट गरिएको ।सुनौला हजार दिन भित्रका आमा बच्चा भएका घरहरूको संख्या उपलब्ध नभएको । २ बर्ष मुनिका जम्मा बच्चा संख्या ४५२२ छ भने अपेक्षा गरिएका गर्भवती महिलाको संख्या २०२५ रहेको छ ।

**DAG Mapping**

| 2 rank | 3A rank | 3B rank | 4 Rank |
|---|---|---|---|
| बघचौरा, बहुअर्वा, बफै, बसहिया, डेवडिहा, देवपुरा रुपैठा, दुहवी, हंसपुर कठपुल्ला, कचुरी ठेरा, लक्ष्मीपुर बगेवा, महुवा प्र.को., नगराईन, नक्टाभिभ्क, फुलगामा, **रघुनाथपुर**, रम्दैया भवाडि, सखुवा महेन्द्रनगर, तल्लो गोदार, तारापटि सिरसिया, **ठाडि भिभ्का**, यदुकोहा | **अन्दुपटि,** बनिनिया, बेंगा शिवपुर, बेंगा डावर, धवौली, ढल्केवर, दिगम्बरपुर, घोडघास, भ्कटियाहि, भ्कोभि कटैया, कजरा रमौल, **कनकपटि**, कुर्था, लवटोली, लगवा गाढागुठि, लक्ष्मी निवाश, **मांनसिंहपटि,** नौवाखोर परसाहि, पतनुका, सपहि, सिनरजोडा, सोनिगम्मा, सुगा निकाश, तुल्सी, **यज्ञभुमि,** | बल्हा कठाल, बल्हा सघारा, बरमभ्किया, बटेश्वर, भरतपुर, भुचक्रपुर, बिन्ही, चक्कर, चोरा कोयलपुर, देउरी परवाहा, धनौजि, धनुषाधाम, गीद्धा, गोपालपुर, हरिहरपुर, हरिने, **हाथिपुर हरवारा**, खजुरी चन्हा, खरियानी, लखौरी, लोहना, मख्नाहा, मिथिलेश्वर मौवाही, मिथिलेश्वर निकाश, ननुपटि, **पौडेश्वर, पुष्वलपुर,** सबैला, शान्तिपुर, सुगा मधुकरी, ठिल्ला यदुवा, तुल्सीयाहि निकाश, उमाप्रेमपुर | औरही, बेहडा बेला, बल्ला बाखर, बल्हागोठ, बसविट्टि, भुतहि पटेरवा, **बिशरभोरा**, धनुषागोविन्दपुर, दब्बरकोट हतलेटवा, इकराही, गोठ कोयलपुर, ईनरुवा, ईटहर्वा, **लक्कर**, माचिभ्किटकहिया, महुवा प्र.खे., **मुखियापटि मुशरनिया**, पचहर्वा, **पटेरवा**, सतोखर, सिङग्याहि मडान, तुल्सीयाहि जब्दी, |

**२. बजेट प्रकृया (गत आ.व.)**

- गत बर्ष MSNP को कृयाकलापहरुको लागी बजेट विनियोजन नगरिएको, तर गत बर्षमा जिल्ला स्तरिय पोषण तथा खाद्य सुरक्षा समिति गठन र अभिमुखिकरण मात्र भएको थियो ।

३. **यस आ.व. को बजेट प्रकृयाका निर्देशनहरु अख्तीयारी र कार्यक्रम तर्जुमा**

- सबै विषयगत कार्यालयहरूलाई सघिंय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त पत्रमा उल्लेख भएको बजेटको परिधिभित्र रहि विभिन्न क्रियाकलापहरू तथा योजनाहरु तयार गरि, तयार गरिए अनुसार FACE फर्म भरेर UNICEF मा पठाइ सकिएको छ । यसमा सबै लाईन एजेन्सीहरूलाई समावेश गरि योजना तथा कार्यक्रम निर्माण भएको छ । बजेट नआएको कारण रिपोटिङ्ग र अनुगमन भएको छैन ।

४. **यस आ.व.को विषयगत कार्यालयहरुको भौतिक प्रगति**

- जिल्लास्तरीय पोषण तथा खाद्य सुरक्षा स्टेरीङ्ग कमिटी (DLNFSSC) द्वारा विषयगत कार्यालयको कार्यक्रमहरूको स्वीकृत भएको छ। यस जिल्लामा जिल्ला स्तरिया अभिमुखिकरण कार्यक्रम सम्पन्न भईसकेको छ जसमा महिला २ र पुरुष संख्या ३३ गरि जम्मा ३५ जनाको सहभागीता थियो। अहिले सम्म को बैठक २ पटक भैसकेको जानकारी गराउन चाहन्छु, जसमा भएको छलफलको विस्तृत विवरण यस प्रकार रहेको छ :-





जिल्ला पोषण तथा खाद्य सुरक्षा समितिको बैठक

| S.No. | Meeting/ orientation type | Date | Agenda of Meeting | No. of Participants | Agreed actions |
|---|---|---|---|---|---|
| १ | DLNFSSC | पौष, १७, २०७३ | • बहुक्षेत्रिय पोषण योजना लागु भएका गा.वि.स. हरु मध्ये दुई ओटा नमुना गा.वि.स. सम्बन्धमा । | १६ | • प्रस्ताव नं १ माथि छलफल गर्दा बहुक्षेत्रिय पोषण योजना लागु भएका गा.वि.स. हरु मध्ये बाट दुई ओटा गा.वि.स. लाई नमुनाको रुपमा कार्यन्वयन गरिने निर्णय जि.खा.सु.स. बाट पारित गर्ने निर्णय गरियो । नमुनाको रुपमा छनौटमा परेका विभिन्न १४ वटा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ● बहुक्षेत्रिय पोषण योजना लागु भएका गा.वि.स. हरुमा गरिने कृयाकलाप हरुको सम्बन्धमा ।<br>● अर्को बैठक सम्बन्धमा । | | गा.वि.स. हरु मध्ये मुखियापट्टि मुसरनिया र लक्कर गा.वि.स. लाई छनौट गरियो साथै पोषण सम्बन्धी कुनै पनि कार्यक्र यस गा.वि.स. मा गर्दा MSNP को समन्व्यमा गरिने निर्णय गरियो ।<br>● प्रस्ताव नं २ माथि छलफल गर्दा :क्लए लागु भएका गा.वि.स. हरुमा गरिने कृयाकलाप अगामि बैटकमा सबै विषयगत कार्यालयले पेश गर्ने निर्णय गरियो ।<br>● प्रस्ताव नं ३ माथि छलफल गर्दा अर्को बैठक मिति २०७३।०९।२१ गते विहिवार बस्ने निर्णय गरियो । |
| २ | DLNFSSC | पौष, २६, २०७३ | ● MSNP सम्बन्धी कार्यक्रमहरु स्वीकृत सम्बन्धमा ।<br>● फेस फर्म भरि पठाउने सम्बन्धमा ।<br>● आ.व. ०७४/०७५ को लागी बार्षिक योजना सम्बन्धमा । | १४ | ● प्रस्ताव नं १ माथि छलफल गर्दा यस जिल्लाका विषयगत कार्यालयहरुबाट प्राप्त भै आएका पोषण सम्बन्धी कृयाकलापहरु तथा त्यसको बजेट वाडफाड बहुक्षेत्रिय पोषण योजना संचालन गर्नका लागी जिल्ला पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट स्वीकृत भएको निर्णय गरियो ।<br>● यस जिल्लाका विषयगत कार्यालय हरुबाट जिल्ला पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट स्वीकृत भएको कृयाकलापहरु तथा बजेट जि.वि.स. द्धारा फेस फर्म भरि युनिसेफको क्षेत्रिय कार्यालय भरतपुर चितवनमा पठाउने निर्णय गरियो ।<br>● यस जिल्लाका विभिन्न गा.वि.स. र विषयगत कार्यालयहरुबाट माग भै आएका बहुक्षेत्रिय पोषण सम्बन्धी योजनाहरु जिल्ला विकास समितिको आ.व. ०७४/०७५ को बार्षिक योजनामा पेश गर्ने निर्णय गरियो । |
| | | | | | |






बहुक्षेत्रिय पोषण योजना सम्बन्धी जिल्ला स्तरिय एकदिने अभिमुखिकरण कार्यक्रम

- गा.वि.स. हरुको योजना तगा परिषद हुदा महिला तथा बालबालिका लागी बजेट विनयोजित गरेको देखिन्छ। खर्चको विवरण पोषणमै नभई सिपमुलक क्रियाकलापहरुमा बढि देखिन्छ तर यस बर्षबाट MSNP को गा.वि.स. हरुमध्ये मुखियापटि मुशरनीया र लक्कर मा गा.वि.स. स्तरिय पोषण तथा खाद्य सुरक्षा समितिको गठन भैसकेको र मुखियापटि मुशरनीयामा पोषण सम्बन्धी योजना रु.५०००० र लक्करमा रु.१००००० को बजेट स्वीकृत भैसकेको छ। बाकि रहेका गा.वि.स. हरु ठाडि झिझा, तुल्सीयाहि निकास, अन्दुपटि लागायत अन्य गा.वि.स.हरुमा पनि पोषण सम्बन्धी बजेट तथा कार्यक्रम बनाईसकेको प्राप्त भएको ।

## ५. वकालत तथा संचार कार्यहरु

- माथि उल्लेखित कार्यहरु कुनै पनि भएको छैन । किनभने अहिले सम्म बजेट आएको छैन ।

## ६. जिल्लाको पोषण प्रोफाईल तयारीको अवस्था

- जिल्लाको पोषण प्रोफाइल तयारी नभएको तर बनाउने योजना छ।

## ७. चुनौती र सवालहरु र तिनलाई सम्बोधन गर्न चालिएका प्रयासहरु

- जिल्लामा MSNP कार्यक्रम नै ढिलो आएको कारणले जिल्ला अधिकांश गा.वि.स.हरुमा परिषद भैसकेकोले पोषण सम्बन्धी योजना राख्न समस्याहरु भएको तर गा.वि.स. बाट आएको योजनाहरुमै जिल्ला, MSNP का सहजकर्ताहरु र सम्बन्धीत गा.वि.स. का सचिवहरु संग समन्व्य गरि बनिसकेको

योजनाहरुमै थप पोषण सम्बन्धी योजनाहरु बनाई ईलाका स्तरमा पठाउने समझदारी भैरहेको छ। जिलला स्तरिय पोषण तथा खाद्य सुरक्षा समन्व्य समितिमा भएको सरोकारवालाहरुले पनि आ आफ्नो योजनामा पोषण सम्बन्धी योजना तथा कार्यक्रमहरु समावेश गर्ने प्रतिवद्धता जनाएको छ।

## ८. अघिल्लो आ.व. मा प्राप्त सिकाई र नविनतम अभ्यासहरु

- अघिल्लो बर्षमा माथि उल्लेखित अनुसारको कुनै पनि कार्यक्रम नभएको ।

## ९. मन्तव्य :

- MSNP कार्यक्रम धरै राम्रो छ किनभने यस योजनामा लगभग सवै सरोकारवालाहरुको सहभागीता छ । यदि बजेट व्यवस्था समयमै भए कार्यक्रम कार्यान्वयन गर्न सजिलो हुने थियो ।

…………………………………  …………………………………  …………………………………